## नमुना प्रश्न-३
## विषय : नेपाली - १२

**पूर्णाङ्क : ७५**
**उत्तीर्णाङ्क : ३०**

*विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ ।*
**सबै प्रश्नहरूको उत्तर दिनुहोस् :**

**१. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** **(३)**

मेरो शरीर अलिक मोटो भएकाले उकालो देख्नेबित्तिकै सातोपुत्लो उड्छ । तेस्रो र ओरालो बाटामा म निकै छिटो हिँड्न सक्छु तर उकालो भने मेरा लागि जेमराज जतिकै भयावह हुन्छ । म विवश थिएँ ।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** **(३)**

कम्प्युटर एक व्यवस्थित विद्युतिय यन्त्र हो । यसलाई व्यवस्थित बनाउने काम यसमा रहेका हार्डवेयर र सफ्टवेयरले गरेका हुन्छन् ।

**३. क) दिइएका अंशबाट एक ओटा पारिभाषिक शब्द र एक ओटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :** **(२)**

नेपालको संविधान २०७२ मा मौलिक हकको धारा पढेर सीता मुसुक्क हाँस्दै जुरुक्क उठेर आँगनतिर गई ।

ख) **तलको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :** **(२)**

शिला धेरै मिहिनेती भएकाले दिनरातको लगनशिलताले अधिकृतमा नाम निकाल्न सफल भइन । उनी धेरै परिश्रमी भएको गाउँलेले लख काटे । गीताले जसले मह काट्छ उसले हात चाट्छ भन्ने कुरा बुझिन् । आफूले पनि खानेमुखलाई जुङ्गाले छेक्दो रहेनछ भन्दै कम्मर कसेर लोकसेवा पढ्न थालिन् ।

**४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** **(३)**

समयमा आफूले आफ्नो काम सकिएन भने धेरै गाह्रो हुन्छ **नि** ! त्यसैले तनमन लगाएर समयमा नै सक्नुपर्छ ।

**५. तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** **(२)**

सम्पन्न र सविज्ञाले फिल्म हेर्ने इच्छा व्यक्त गरे । अक्षताले शिवशक्ति हलमा फिल्म हेर्न टिकट काटिन् । निरुताले टपरीमा पपकन ल्याएर आइन् । सबैजना दीपशिखा फिल्म हेर्न हलभित्र पसे ।

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।**

**क) तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् : (३)**

परिश्रमी र मिहिनेती व्यक्तिको सधैँ विजय हुन्छ ।ऊ सधैँ अनुशासन र परिश्रमलाई आफ्नो कर्तव्य ठान्छ । उसले कसैको खटन र दमन मन पराउँदैन । पतित र घृणित कार्यलाई त्यागी मननीय र पठनीय कार्यलाई मात्र अनुशरण गर्दछ ।

ख) **तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको दोहोरिएको अंश देखाउनुहोस् ।**

आजभोलि जेठोबाठो मान्छेको कदर गर्न छाडेर आ - आफ्ना काममा व्यस्त हुन थालेका छौँ । घरसरलाई त्यागेर आफ्नो स्वार्थ पूरा गर्न सहर पस्ने चलन पनि छ । यस्तो बानीले छरछिमेकमा उल्टोपाल्टो कुरा लगाएर घरभँडुवा भई हिँड्ने कामचोरको ज्यादै बिगबिगी छ ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।**

**क) ले, लाई, बाट, द्वारा, को, नो मा विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी चार वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस् :**

**ख) उच्च आदरमा रुपान्तरण गरी पुनर्लेखन गर्नुहोस् : (४)**

तँ आज कतै पनि नजा है । अहिलेको समयमा यसरी घरबाहिर तिर लखरलखर घुम्न ननिस्के । घरभित्रै बस्ने गर । कथा, कविता पढ्ने बानी गर ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।**

**क) सम्भावनार्थक पक्रयापदको प्रयोग गरी आफ्नो भविष्यको वर्णन गर्नुहोस् ।**

**ख) तल दिइएका वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् ।**

विद्यार्थीहरुले सबै विषयका गृहकार्य गरे । उनीहरुले विद्यालयको वरिपरि फूलका बिरुवाहरु रोपे । उनीहरुले हातखुट्टा धोइ खाजा खाए । उनीहरुले गुरुसँग व्याकरण सिके

**९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।**

**क) तलका चारवटा सरल वाक्यलाई एकै वाक्यमा संश्लेषण गर्नुहोस् :**

केशवराज जर्साब कहाँ गए । जर्साब रिसाएका थिए । केबवराज निकै डराए । घरमा पुगेर उनले स्वास्नीलाई गाली गरे ।

**ख) तलका वाक्यलाई प्रतयक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

प्रधानाध्यापकले सबै विद्यार्थीलाई गृहकार्य समयमै सकाउनुपर्छ भने । विद्यार्थीले पनि एकै स्वरमा हवस् भने । त्यहीबेला पालेदाइ आएर प्रधानाध्यापकलाई अफिसमा बोलाए । प्रधानाध्यापकले तपाइँ जाँदै गर्नुहोस् म आउँछु भनेर पठाए ।

**१०. दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (५)**

पाश्चात्य साहित्य तथा समालोचनाको ऐतिहासिक विकासक्रममा साहित्य रचनामा अवरोध पुगेको हुनाले मध्यकाल अँध्यारो युग हो भनिन्छ । युरोप भनेर चिनिने मुलुकहरु नै चिरनिन्द्रामा सुतिरहेको र बासिन्दाहरु धर्मिक अफिमले लठ्ठिएको युगका रुपमा यो काल देखा पर्दछ । रोमन साम्राज्यको पतन र क्रिश्चियन धर्मको उदय भई सम्पूर्ण प्राचीन मूल्यमान्यता र सभ्यतालाई भत्काइएको र प्रतिबन्ध लगाइएको यस कालमा साहत्यि सिर्जनामा समेत चर्चले

नियन्त्रण गर्न पुग्यो । प्राचीनकालीन साहित्य सिर्जनालाई बहिष्कार गर्दै अन्य भाषाको बदलामा केवल ल्याटिन भाषालाई मात्रै प्रोत्साहन गर्नै काम क्रिश्चियन सभ्यताले गर्न थाल्यो । यति कठोर दाँतेलाई मध्यरातका एक चम्किला तारा भन्ने उल्लेख गरेका पाइन्छ । क्रिश्चियन धर्मको आग्रह र पूर्वाग्रह बाहेक अन्य कुनै क्षेत्रमा कुनै प्रकारको गतिविधि नभएको र साहित्यको क्षेत्रमा कालो बादल मढारिएको हुनाले यस समयलाई इतिहास नै अन्धकाल भनेर स्वीकारिएको छ ।

प्रश्नहरू

क) मध्यकाललाई किन अँध्यारो युग भनिएको हो ?

ख) मध्यकाललाई कुन रुपमा देखाइएको छ ?

ग) क्रिश्चियन सभ्यताले के गर्न थाल्यो ?

घ) दाँतेलाई मध्यरातका एक चम्किला तारा किन भनिएको हो ?

ङ) मध्यकालमा साहित्य सिर्जनामा कसले प्रतिबन्ध लगायो ?

**११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : (२ +३=५)**

भाग्यलाई वेवास्ता र उपेक्षा गरेर कुनै पनि मानिसले जीवनमा लक्ष्य प्राप्त गर्न सक्दैन , गन्तव्यलाई भेट्न सक्दैन । हुने बिरुवाको चिल्लो पात भने झैँ भाग्यमानी व्यक्ति सानैदेखि खुशी हुन्छ । भाग्यमा छ भने गरिब परिवारमा जन्मिएका अब्राहम लिङ्कन पनि अमेरिका जस्तो देशको राष्ट्रपति बन्न पुग्नछ् । यसबाट पनि भाग्यमा भए तालुमा आलु फलेरै छाड्छ भन्ने कुरा सत्य हो । इएशवरले नै मानिसलाई जन्मभन्दा पहिले नै सबै कुरा निश्चित गरेर संसारमा पठाएका छन् । लेखिएको भन्दा बढी कसैले केही पनि पाउदैन । भाग्यमा धुरीबाटै बर्सन्छ, अन्यथा भागीरथ प्रयत्न गरे पनि हामीले केही पाउँदैनैं । भाग्यमा भए आजको पियन भोलिका सचिव बन्न सक्छ । अनाथका सहाय दैव भने झैँ आज सडकको पेटीमा मागेर गुजारा गर्ने व्यक्ति पनि भविष्यमा महान् हुन सक्छ । भाग्यलाई कसैले नकार्न सक्दैन । जीवन रहस्यमय छ । रहस्य भन्नु नै अर्को अर्थमा भाग्य हो । भाग्य जीवनरुपी फूलको सुवास हो । जसरी फूलबाट बास्ना अलग हुँदैन, त्यसैगरि जीजनबाट भाग्य पृथक रहन सक्दैन ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।**

क) "शिक्षा नै चेतनाको मुहान हो" भन्ने कुरा सहरमा पढ्न बसेको छोरालाई उचित सल्लाह समेत दिई आमाले लेख्ने चिठी तयार पार्नुहोस् । (४)

ख) नारायणी भेराइटी स्टोर्स हेटौँडा मकवानपुरले पाल्पास्थित सगुन ढाका कपडा उद्योगलाई सामान बुझाई १,००,००० भुक्तानी लिएबापत् गरिदिएको भरपाईको नमूना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।**

क) तपाँईलाई मनपर्ने कुनै एक ठाउँमा गएको भ्रमणको विवरण समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

ख) "लागु पदार्थ दुर्व्यसन रोकथाममा युवाको भूमिका शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् ।**

क) मर्नैपर्छ भने पनि पर पुगी मरौँ

नझुक्ने यो हिमालमा किन सुकी मरौँ ।

ख) मानिसको परिचय शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिन्छ ।

**१५. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

**क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हो र आमा !

हो तिमी जन्मदा तिम्रैँ कलिलो अनुहारमा
त्यसकै छाँया देख्ने आशा गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मिठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ
मेरो यौवनभरिको सपना थियो ।

प्रश्नहरू:

अ) आमाको सपना के थियो ?

आ) "त्यो मिठो गीतले तिमीलाई आफ्नो बाँसुरी बनाएन छ" भन्नुको तात्पर्य के हो ?

**ख) दिइएको जीवनी अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हकिङले पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई बारम्बार सचेत गराउने गर्थे । उनले परमाणुयुद्ध, विश्वव्यापी तापक्रम वृद्धि, प्रकृति विरुद्धका मानवीय गतिविधिका कारण पृथ्वीमा मानव जीवन खतरामा रहेको बताएका छन् । यसैले यसतर्फ समयमै सचेत हुन आग्रह गरेका छन् । यस्तै उनले मानिसलाई कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुनुपर्ने बताएका छन् । कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट मानिसको दिमागका उपज हुन् तर यिनीहरूको स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको छ । मानिसले गर्न सक्ने सबै काम यी यन्त्रहरू सजिलै गर्न सक्छन् । यसैले उनी कृत्रिम बुद्धिमत्ताले मानिसलाई नभई मानिसले कृत्रिम बुद्धिमत्तालाई नियन्त्रण गर्नुपर्ने मान्यता बारम्बार दोहोऱ्याइरहन्थे ।

प्रश्नहरू

अ) पृथ्वीमा मानव जीवन खतरामा पर्नुका कारण के के हुन् ?

आ)हकिङले मानिसलाई किन कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुन आग्रह गरेका हुन् ?

**१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :**

क) "विरहिणी दमयन्ती" कथामा दमयन्तीले आफ्नो जीवनमा आइपरेका समस्याको समाधान गर्नका लागि अपनाएका उपाय तपाइँलाई कस्तो लाग्यो, प्रतिक्रिया दिनुहोस् ।

ख) "मातृत्व" कथाकी पात्र ममताले सुबोधलाई छोडेर बाँकी जीवन सन्तानसँग बिताउन गरेको निर्णय तपाईँलाई कस्तो लाग्यो, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

**१७. कुनै एकको प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : (८)**

क) "एक चिहान" उपन्यासमा हर्षनारान र पुतली तथा नानीथकुँ र राम खेलावन राउटका बिचको विवाहबाट उपन्यासले के सन्देश दिन खोजेको छ, स्पष्ट पार्नुहोस् ।

ख) स्टिफिन विलियम हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन गरेको योगदानको समीक्षा गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : (८)**

क) मेरो देश मेरो विश्व

ख) विज्ञानको महत्व

ग) युवा र साहित्य